# रामधुनीनगरपालिकाकार्यालय

झुम्का, सुनसरी

दोश्रो पटक प्रकाशित मिति २०७४।०४।२

प.स.

च.नं. २६

विषय : ठेक्काको लगाउने बारेको सूचना ।

यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमको साप्ताहिक हाट बजार र गुद्रीबजारको कर संकलन गर्न ठेक्का टेण्डर द्वारा बन्दोवस्त गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीकोलागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ. ईच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलबन्दि टेन्डर तोकिएको मिति र समयमा छुट्टा छुट्टै दर्ता गराउन हुन अनुरोध छ ।

## तपसिल

| क.सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक बार्षिक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिममिति | बोलपत्र दर्ता गर्ने अन्तिममिति | शिलबन्दिबोलपत्रखोलिने मिति |
|---|---|---|---|---|---|---|
| १. | रामधुनी ८ मा शनिबारे बुधबारे लाग्ने साप्ताहिक हटिया तथा दैनिकगुद्रि बजार | ६७,२१५।०० | १,०००।०० | २०७५ साल श्रावण ७ गते साँझ ५ बजे सम्म । | २०७५ साल श्रावण ८ गते दिनको १२ बजे सम्म । | २०७५ साल श्रावण ८ गते दिनको १ बजे । |
| २. | रामधुनी न.पा. वडा नं. ८ को पौडेल चौकमा लाग्ने मंलबार र शुक्रबारे लाग्ने साप्ताहिक हयिा | ७,५००।०० | १,०००।०० | " | " | " |
| ३. | रामधुनी न.पा. वाड नं. २ तित्रिवनामा लाग्ने शुक्रबारे हटिया | १०,५००।०० | १,०००।०० | " | " | " |

## ठेक्काको सर्तहरु

१. बोलपत्रफारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक विदा पर्न गएमा विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यक्रमको लागि गणना गरिने छ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कबोल गरेको अंकको एकमुष्ठ रकममा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) धरौटी रकम यस नगरपालिकाको नाममा रहेको रा.बा.बैकं ईनरुवा स्थित धरौटी खाताच.हि.नं. २२२०३०३००३००२ मा दाखिला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम संलग्न राखि लाहा छाप शिलबन्दि गरी तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको १.०० बजे नियमानुसार दर्ता भएको शिलबन्दि बोलपत्र टेण्डर कार्यालय तथा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

३. आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा (कबोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्नेको नेपालीले नागरिक्ताको प्रमाणपत्र तथा टेण्डर फरम खरिद गरेको नगदि रसिदअनिवार्य संलग्न राख्नु पर्ने छ ।

४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।

५. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्तिवा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन ।

६. कर संकलनगर्न प्रयोग गर्ने रसिदआफैले व्यवस्था गर्नु पर्ने छ । कर दस्तुर नगर परिषदले निर्धारण गरे वमोजिम उठाउनु पर्ने छ । रसिद न.पा. बाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाईने छ ।

७. बोलपत्र फारम जसको नाम बाट जुन प्रयोजनको लागि खरिद गरिएको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा टेन्डर दाखिला (दर्ता) गर्नु पर्ने छ । नाम फेरी बोल पत्र दाखिला गराएमा त्यस्तो बोल पत्रलाई मान्यता दिईने छैन् ।

८. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाएमा मुष्ठ बुझाए बापत १० प्रतिशत सम्म छुट दिइनेछ ।
९ . ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।
१०. तोकिएको शर्तमा आल टाल गरेमा धरौटी जफत गरी दोश्रो कमको वोलपत्र दाता व्यक्ति वा संस्था संग सम्झौता गरी ठेक्का दिईने छ वापुन टेण्डर गरिने छ ।
११. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिका मा निहित रहने छ ।
१२. हटिया तथा गुद्रीबजारको सर सफाई ठेकेदार स्वयले गर्नु पर्ने छ ।
१३. हटिया तथा गुद्रीवजार व्यवस्थापन भई नगरपालिकाले अन्य क्षेत्रमा सरेर गएमा सोही स्थानमा गई गुद्रीवजार तथा हटियाको कर दस्तुर उठाउनु पर्ने छ ।
१४. नेपाल सरकारले निषेध गरेका कुनै पनि काम हाट, बजार, दैनिक गुद्रि बजार तथा अन्य ठेक्कामा गर्नपाईने छैन् ।
१५. मापदण्ड विपरितको कामवा संझौता उलंघन गर्ने काम कुनै पक्ष वाट गर्न पाईने छैन गरेमा सो वाट हुने क्षतिपुर्ती र नियमानुसारको कार्वाबाही सोही पक्षले वेहोर्नु पर्ने छ ।
१६. सुचनामा लेखिएवाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

नौट : अन्य विस्तृत कुरा बुझनु पर्ने भएमा कार्यालयको फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकाको कार्यालयमा आई बुझन सकिने छ ।

०८२/०७/१२

शाखा अधिकृत
रामधुनी नगरपालिका